# नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

## आ.ब ०७४/७५ को चौथो त्रैमासिकसम्मको वित्तीय परिणाम

### वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण भएको<br>अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ५८,७३८,३०३,४९४ | ५५,८८५,२२४,०३९ | ४७,३०८,३१४,६८२ |
| १.१ | चुक्ता पूंजी | ४,३९६,९२८,६४८ | ४,३९६,९२८,६४८ | ३,०९६,४२८,६२५ |
| १.२ | जगेडा तथा कोष | ३,४७५,७८९,३६८ | ३,४८०,२४३,९५९ | ४,३४४,९५७,३४४ |
| १.३ | जीवन बीमा कोष | ५०,४९२,२४१,००९ | ४७,६८२,६३२,७४६ | ३९,५४१,५१०,०२७ |
| १.४ | महाविपत्ती कोष जगेडा | ३७३,३४४,४६९ | ३२५,४१८,६८६ | ३२५,४१८,६८६ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ५८,७३८,३०३,४९४ | ५५,८८५,२२४,०३९ | ४७,३०८,३१४,६८२ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३०७,८१६,०८८ | ३०७,४६८,५४७ | ३१४,०५१,५७१ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | २९,९२६,९११,७५८ | २३,३१०,०४९,२७९ | १४,३८३,५२९,६१३ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ८,३७९,३९७,७५१ | ७,८७०,५२१,६३८ | ५,८९३,७३९,७७२ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | २०,१२१,६७७,६०० | २४,३९३,८७७,८०४ | २६,७११,२६७,५३४ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | २,५००,२९७ | ३,३०६,७७० | ५,७२६,१९२ |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | २३,८२९,१०२,९०३ | २७,५०१,६०६,३९१ | ३०,१५३,८२६,९०८ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ६३७,५९१,७२२ | १९३,७१६,९०३ | ५४१,१८४,५६५ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २०,४०९,८३२,९०६ | २३,७५२,६५०,०६८ | २७,२९०,५४४,३५९ |
| ३.३ | अन्य सम्पत्ती | २,७८१,६७८,२७५ | ३,५५५,२३९,४२० | २,३२२,०९७,९८४ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ३,७०७,४२५,३०३ | ३,१०७,७२८,५८७ | ३,४४२,५५९,३७४ |
| ४.१ | चालु दायित्व | १,३७६,१०५,२०८ | १,४४६,४१५,९५३ | १,१६६,६६४,००४ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १९१,०१०,०११ | २५२,१८०,०११ | ३५४,७१४,५९२ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १,५५९,९४४,१२८ | ९४८,९९४,३०२ | ७३९,४१२,१५१ |
| ४.४ | अन्य व्यवस्था | ५८०,३६५,९५६ | ४६०,१३८,३२१ | १,१८१,७६८,६२७ |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ९९२,२४८,३८७ | ८२६,५१६,००२ | १,३०७,९६८,७२३ |
| १.१ | आय व्यय हिसावबाट सारेको | २६१,७५५,६११ | २५२,२२८,६१३ | ३७३,९८१,५१२ |
| १.२ | जीवन बीमा कोषबाट सारेको* | – | – | ६६४,४८१,७७१ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ७३०,४९२,७७६ | ५७४,२८७,३८९ | २३१,११४,६०७ |
| १.४ | व्यवस्था फिर्ता | – | – | – |
| १.५ | अन्य आम्दानी | – | – | ३८,३९०,८३३ |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ५१२,९९०,५५७ | ३९०,७२९,३६४ | ३०३,३३४,६०० |
| २.१ | व्यवस्थापन खर्च | १४४,६४६,८६८ | ३३,२५१,५१७ | १३०,१८०,६५८ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | २९०,६७८,४०१ | २०३,८३२,६०९ | ८२,६४४,६६१ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ५५,६८७,५३४ | ५३,५७४,२८४ | ९९,५५८,४९१ |
| २.७ | आयकर | २१,९७७,७५४ | १००,०७०,९५३ | (९,०४९,२१०) |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | ४७९,२५७,८३० | ४३५,७८६,६३८ | १,००४,६३४,१२३ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

### एकिकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | २२,१४९,०२४,४०७ | १५,४६८,२८४,८९५ | १५,८२७,४०३,१४८ |
| १.१ | बीमाशुल्क (खुद) | १६,०१७,३२०,१२७ | १०,६९५,७१५,८९४ | १२,०५५,९२५,१८३ |
| १.२ | पुनर्बीमा कमिशन आय | १६,४५८,६७७ | ४,६००,००० | २४,९२३,४८३ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ३,९७३,१९४,०४८ | २,९००,४३१,१५६ | २,५०२,७८३,३१० |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ९०९,८६६,९६० | ६८८,१७३,३६० | ५१२,६१४,७९२ |
| १.५ | अन्य प्रत्यक्ष आय | १३८,०५७,८५२ | ८५,२३७,७४२ | १०१,७००,१७० |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ७३९,४१२,१५१ | ७३९,४१२,१५१ | ३२१,९७२,५०२ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३५४,७१४,५९२ | ३५४,७१४,५९२ | ३०७,४८३,७०८ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | १०,९३६,५३७,८१४ | ७,१०८,९१२,२७३ | ६,६५२,६३७,७२८ |
| २.१ | दावी भुक्तानी (खुद) | ५,४३५,९५८,२८० | ३,७०२,९७३,०५६ | २,८८४,१२८,५५८ |
| २.२ | अभिकर्ता कमिशन | १,७९८,३७८,३०३ | १,२७३,६६८,५७७ | १,२२२,४०१,०६७ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | ९,२०३,९४३ | ५,५६७,१८९ | ५,६८१,९६५ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | १६०,५४८,६८५ | १०६,९५७,१५९ | १२०,३११,७०५ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ३,६१४,०१० | २,३५६,६१४ | ४,९०६,००६ |
| २.७ | व्यवस्थापन खर्च | १,३०१,८२१,८१४ | २९९,२६३,६५६ | १,१७१,६२५,९२१ |
| २.८ | आयकर | ४७६,०५८,६४० | ५१६,९५१,७०९ | १४९,४५५,७६३ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था * | १,५५९,९४४,१२८ | ९४८,९९४,३०२ | ७३९,४१२,१५१ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | १९१,०१०,०११ | २५२,१८०,०११ | ३५४,७१४,५९२ |
| ३ | वचत (१-२) | ११,२१२,४८६,५९३ | ८,३५९,३७२,६२२ | ९,१७४,७६५,४२० |
| ३.१ | जीवन बीमा कोषमा सारेको | १०,९५०,७३०,९८२ | ८,१०७,१४४,००९ | ८,८००,७८३,९०८ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | २६१,७५५,६११ | २५२,२२८,६१३ | ३७३,९८१,५१२ |

*भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था अन्तर्गत मृत्यु दावी, आंशिक अवधि समाप्ती दावी र समर्पण मूल्य दावी पर्दछ। उल्लेखित रकम मध्य रु ५.२० करोड मृत्यु दावी वापत व्यवस्था गरिएको छ।

### अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | ६८,५५५,७१७ | ५९,६०२,१५५ | ५२,३७६,९८१ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | १६,१७८,७३६ | ७,२२५,१७४ | १२,२१९,८९४ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,१५२,८६० | १,०८०,२६६ | १,०४१,८६९ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७३-७४ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७४-७५ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ६,२१९,१६१ | २,३५२,४६५ | २,८८५,६३३ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | ३८,४९९ | १८,३६८ | २७,१२९ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | १,५५९,९४४ | ८३५,४६८ | ७३९,४१२ |

द्रष्टव्य: १) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७४/०७५ को चौथो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) वित्तिय विवरण:

क) चौथो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७५/०४/३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तिय अनुपातहरु फरक पर्न सक्छ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १०.९० | प्रति शेयर नेटवर्थ : १८७.५४ | पि.ई. अनुपात : ९६.३३ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,३३६ | औसत प्रतिफल दर : १०.८३ |


*प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


विध्यमान पूंजीबजारमा आएको गिरावटका कारण कम्पनीले रु. २९.०७ करोड बराबरको शेयर लगानीमा नोक्सानीको व्यवस्था गरेतापनि आ.व.२०७४/७५ को चौथो त्रैमासिक अवधि सम्ममा रु. ४७.९३ करोडको मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु. ४१.६५ करोड मुनाफा आर्जन भएको थियो । उक्त मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा १५ प्रतिशतले बृद्धि भएको छ । सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. १,०९५.०७ करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.५०४९.२२ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको चौथो त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु. १,६१७.०७ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. १२२१.९८ करोडको तुलनामा ३२.३३ प्रतिशतले बृद्धी भएको हो । सबै भन्दा उच्च प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगड्दै आएको छ ।
कम्पनीले यस चौथो त्रैमासिक अवधिसम्ममा कुल रु. ५५०.१८ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले चौथो त्रैमासिक अवधिसम्ममा रु. ५८.७२ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ४७.५७ अर्व मा २३.४४ प्रतिशतको बृद्धी हो । कम्पनीले बिमा समितीको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो वीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनिको वित्तिय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(* बीमाङ्कीय मूल्याङ्कन हुन बाकी)

ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधि सम्मको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,१६० | न्यूनतम मूल्य : रु ९९१ | अन्तिम मूल्य : रु १,०५० | कारोबार संख्या : ३,२७,८९० कित्ता | कारोबार दिन : ४५ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गर्न वीमा जागरण अभियानलाइ थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । सन्चालनमा आएका थप नयाँ जीवन वीमा कम्पनीहरुले व्यवसाय गतिविधि अगाडी बढाँउदा जीवन वीमाको दायरा वृद्दि हुने देखिएको भएतापनि तीव्र प्रतिश्पर्धाले ल्याउने चुनौतीहरु प्रति सचेत रहन जरुरी छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ । कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...